" दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री "

# चुमनुब्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सिर्दिबास, गोरखा

गण्डकी प्रदेश ,नेपाल

पत्र संख्या: ०७७/७८
चलानी नं.:

प्रकाशित मिति: २०७८।०१।२७

## चुमनुब्री गाउँपालिकाको सार्वजनिक सूचना !

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोरोना भाईरस कोभिड १९ संक्रमण गोरखा जिल्लाभर बढ्दै गईरहेको र हाम्रो छिमेकी गाउँपालिका धार्चेमा समेत संक्रमण देखिएको हुनाले चुमनुब्री गाउँपालिकामा पनि यसको संक्रमणबाट जन स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने र हाम्रो जस्तो भौगोलिक रुपमा विकट गाउँपालिकामा विरामीहरुको उपचार गर्न समेत कठिनाई हुने भएकाले कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि तपशिलमा उल्लेखित बुँदाहरुको पालना गर्न/गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै कोही कसैलाई स्वास्थ्यमा समस्या देखिएमा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

**तपशिल**

१. सबै प्रकारका सभा सम्मेलन, जात्रा, अर्बुङ, भेला, मानिसको जमघट हुने धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्यहरु नगर्ने नगराउने ।
२. भलिबल, ब्याटमिन्टन, पुल हाउस लगायत भिडभाड हुने तथा खेलकुद कार्यक्रमहरु संचालन नगर्ने ।
३. विवाह, ब्रतबन्ध एवं संस्कार जन्य कार्यक्रम संचालन गर्दा जन स्वास्थ्यका मापदण्ड पालना गर्ने गरी १५ जना भन्दा बढी व्यक्ति सहभागी नहुने ।
४. अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कने, हिडडुल नगर्ने यदी निस्कनै परेमा अनिवार्य मास्कको प्रयोग गर्ने ।
५. अनिवार्य रुपमा दुई मिटर भौतिक दुरीको कायम गर्ने ।
६. खाद्यन्न, तरकारी, फलफुल तथा औषधि पसलहरुमा सामाजिक दुरी कायम गरी किनवेच गर्ने र अनिवार्य मास्क र स्यानीटाईजरको प्रयोग गर्ने ।
७. चुमनुब्री गाउँपालिका भन्दा अन्य स्थानबाट गाउँपालिकामा फर्किएका व्यक्तिहरुले नेपाल सरकारले तोकेको होम क्वारेन्टाइनका मापदण्डहरुको पालना गरी कम्तीमा १० दिन सम्म होम क्वारेन्टाईनमा बस्ने ।

यस विषम परिस्थितिलाई सामना गर्न सचेत रहौ, सजग बनौं, आफु पनि बचौं, अरुलाई पनि बचाऔं र असल नागरिकको परिचय दियौ ।

भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Website: chumanuwrimun.gov.np
Email: chumanuwrimun@gmail.com

Scanned with CamScanner